महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रानीवन, दैलेख

कर्णाली प्रदेश, नेपाल

# अस्पताल संञ्चालन तथा व्यवस्थापन  समिती गठन कार्यविधी, २०७७

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७७।०६।३० |

महाबु गाँउपालीकामा रहेका अस्पताल ,आर्युवेद ,औषाधालय र आर्युवेध स्वास्थ्य केन्द्रबाट प्रदानहुदै आएको स्वस्थ्य सेवालाइ अझै प्रभावकारी र गुणस्तरीय बनाउन सन्चालनतथाव्यवस्थापन समिती गठन गर्न बाञ्छनियभएकोले, महाबु गाँउपालिकाको स्वस्थ्यतथा सरसफाई सम्बन्धी ऐन २०७४ को दफा ३९ को १ र २ ले दिएको अधिकार प्रयोग गरी ऐनमाभएको व्यवस्थाअनुसार महाबु गाउँपालिकाले यो कार्यविधिबनाई लागु गरेको छ ।

१.**नाम र प्रारम्भ** :

१.१ यस कार्यविभिको नाम: अस्पताल सञ्चालनतथाव्यवस्था समिति गठन कार्यविधि २०७६ रहेको छ ।

१.२ यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषायवा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**अध्यक्ष**"भन्नाले अस्पताल सञ्चालनतथाव्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "**अस्पताल**"भन्नाले अनुसूचि १ माअल्लेख गरिएका अस्पताल, आयूर्वेद औषाधालय र आयुर्बेद स्वास्थ्य केन्द्र सम्भलनु पर्दछ ।

(ग) "**मन्त्रालय**"भन्नाले सामाजिकविकास मन्त्रालय सम्झनु पर्दछ ।

(घ ) "**स्थानिय तह** "भन्नाले महावु गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "**समिति**" भन्नाले दफा ३ बमोजिम गठन गरिएको अस्पताल विकास समिति सम्झनु पर्दछ ।

३. **समितिको गठन** :

१. अस्पतालको सञ्चालनतथाव्यवस्थापजगर्ने काम समेको लागी अस्पताल सञ्चालनतथाव्यवस्थापन समिति रहने छ ।

**(२) उपदफा १ बमोजिमको समितिको गठन देहायबमोजिमहुने छ ।**

(क) अस्पताल रहेको गाउँपालिकाप्रमुख –**अध्यक्ष**

(ख) अस्पताल रहेको वडाको वडा अध्यक्ष –**सदस्य**

(ग) विषायगत समितिको संयोजक –**सदस्य**

(घ) समाजसेवा तथा चिकित्सा क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरू मध्यबाट गाउँपालिकाले मनोनयन गरेका १ जना महिला सहित २ जना – **सदस्य**

(ङ) गाउँपालिका कार्यालयको लेखा अधिकृत प्रतिनिधी –**सदस्य**

(च) सम्बन्धित अस्पतालका तथा स्वास्थ्य शाखाको प्रमुख तथा प्रतिनिधी – **सदस्यसचिव**

(३) समितिको मनोनित सदस्यको पदावतिगाउँकार्यपालिकाले तोकेको अवधि सम्म हुने छ ।

(४) उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भयता पनि मनोनित सदस्यहरूले आफ्नो पदयी जिम्मेवारी पुरा नगरेमावा समितिको हितविपरित कुनै काम गरेमा गाउँकार्यपालिकाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी निजलाई पदबाट हटाउनका लागी सफाई पेश गर्ने मौकाबाट बन्चीतगरिने छैन ।

**४. समितिको काम, कर्तव्य, र अधिकार, देहाय बमोजिम हुनेछ ।**

(क) अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागी आवश्यक योजना तर्जुमा गरि कार्यान्वयनगर्ने गराउने,

(ख) अस्पतालको लागी आवश्यक स्रोत तथा साधनको व्यवस्था गर्ने,

(ग) अस्पतालको वार्षिक कार्यक्रम तथा वजेट स्वीकत गरि कार्यान्वयन गर्ने,

(घ) अस्पतालको सेवा शूल्क निर्धारण गर्ने,

(ङ) अस्पतालको भौतिक सम्पतीको संरक्षण तथामर्मत सम्भार गर्ने,

(च) आर्थिक रूपमा असाहाय, असक्त तथा विपन्न मानिने विरामी सम्बन्धि मापदण्ड तयार गर्ने,

(छ) आर्थिक रूपमा असहाय, असक्त तथा विपन्न मानिने विरामीको लागो नि:शूल्क उपचारको व्यवस्था गर्ने,

(ज) गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य कार्यहरू गर्ने,

**५. समितिको वैठक सम्बन्धि कार्यविधि :**

(१)समितिको वैठक आवश्यकता अनुसार बस्ने छ ।

(२) समितिको बैठक अध्यक्षाले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै समितिको सदस्य -सचिवले बैठकमा छलफल हुने विषाय सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको कम्तीमा ५१ प्रतिसत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागी गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकको अध्यक्षतामा अध्यक्षाले र निजको अनुपस्थितिमा समितिका प्रचलित मर्यादाक्रम अनुसार माथिल्लो मर्यादाक्रमको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णाय दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य- सचिवले  प्रमाणित गरी राख्नेछ ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञता वा सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भागलिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

**६.अस्पतालप्रमुख :**

अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट समितिको प्रशासकिय प्रमुखको रूपमाकाम गर्नेछ ।

**७. कर्मचारी सम्बन्धि व्यवस्था:**

(१) समितिमा दरबन्दी बमोजिम आवश्यक कर्मचारीहरू रहनेछन ।

(२) उपदफा १ बमोजिमका कर्मचारी नियूक्ति, पारिश्रमिक, सुविधा तथा सेवाको सर्त सम्बन्धि व्यवस्था तोकिय बमोजिम हुनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले आवश्यक ठानी समितिमा आवश्यक संख्यामा कर्मचारी नियूक्ति नभयसम्म समितिले मन्त्रालयले खटाएको कर्मचारीलाई काममा लगाउनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम खटिएका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धि व्यवस्था निजको सेवाशर्त सम्बन्धि कानुन बमोजिम हुनेछ ।

(५) समितिले प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरि आफ्नै श्रोतबाट मन्त्रालयको स्वीकृत लिई खुल्ला प्रतियोगिता द्वारा कर्मचारी नियूक्तिगर्न सक्नेछ ।

(६) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम ।

(ख) समितिले प्रदान गरेको सेवातथा सुविधा बापत प्राप्त रकम ।

(ग) स्वदेशी व्यक्ति, संघ, सस्थावा निकायबाट प्राप्त रकम ।

(घ) विदेशी सरकार, संघ, संस्था, व्यक्तिबाट अनुदान वा ऋण स्वरूप प्राप्त रकम ।

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिले उपदफा १ को खण्ड(घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि प्रचलित कानुन बमोजिम स्वीकृत लिनु पर्नेछ ।

(३) समितिको तर्फबाट गरिने सम्पुर्ण खर्च उपदफा (१) बमोजिमको कोषाबाट व्यहोरिनेछ ।

(४) समितिको कोषामा रहेको रकम नेपाल भित्रको कुनै पनि स्थानीय मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषाको सञ्चालन समिति को सदस्य-सचिव र लेखा सम्बन्धि काम गर्ने प्रमुख कर्मचारीको संयूक्त दस्तखतबाट हुनेछ ।

**९. सम्बन्धित कार्यको लागी रकम खर्च गर्नुपर्ने समितिले संघीय वा प्रदेश सरकार तथा स्थानिय तहबाट जुन कामको लागी रकम प्राप्त भएको छ सोहि काममा मात्र खर्च गर्नु पर्नेछ ।**

**१०. लेखा र लेखा परिक्षण**

(१) समितिको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको अन्तिम लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरिक्षक बाट हुनेछ ।

(४) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा , नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाच्न लगाउन सक्नेछ ।

**११. वार्षिक प्रतिवेदन पेश गर्ने :**

समितिले वर्षा भरीमा आफुले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्षा समाप्त भएको तिन महिना भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

**१२. अधिकार प्रत्यायोजन :**

समितिले आफुलाई प्राप्त अधिकारहरू मध्य आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिववा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१३. निर्देशनदिने**

गाउँ कार्यपालिकाले समितिका काम कारवाहिका सम्बन्धमा समितिलाई निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशनको पालनागर्नु समितिको कर्तव्य हुनेछ ।

१४. समितिले प्रदेश सरकार संग सर्म्पक राख्दा गाउँ कार्यपालिका मार्फत सर्म्पक राख्नु पर्नेछ ।

**१५. निर्देशीका बनाउने अधिकार**

१.यस कार्यविधि कार्यान्वयका लागी समितिले आवश्यक निर्देशीका बनाउन सक्नेछ ।

२. उपदफा(१)बमोजिम बनाईएको निर्देशीका गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि लागु हुनेछ ।